# मेरो भन्नु



नेपालमा योजनावद्ध बिकासको थालनी बि.सं.२०१३ सालदेखि शुरु भएको हो । नेपालमा राणा शासनको अन्त्य भएपछिको संक्रमणकालिन समयमा प्रथम आवधिक योजनाको शुरुवात भएको थियो । आज सम्म आइपुग्दा मुलुकमा १४ वटा आवधिक योजनाहरु कार्यान्वयनमा आए । हाल १५ औं योजना कार्यान्वयन भइरहेको छ । यस विचमा मुलुकमा गणतन्त्रको स्थापना भयो र अहिले हामी संघीयताको नया अभ्यास गर्ने क्रममा छौं । स्थानीय तहहरु संघीय संरचनाको महत्वपूर्ण इकाईको रुपमा स्थापित छन् । स्थानीय तहहरुले हरेक आर्थिक वर्षमा आफ्नो आय तथा व्ययको अनुमानको रुपमा वार्षिक बजेट गाउँसभा समक्ष पेश गर्ने प्रावधान अनुरुप स्थानीय तहको निर्वाचन पश्चात यस गाउँपालिकाले तेस्रो पटक आ.व.२०७६/७७ को वार्षिक बजेट नीति तथा कार्यक्रम तयार गरी पुस्तकको रुपमा प्रकाशित गरेको छ । यस पुस्तकमा गाउँपालिकाले आ.व. २०७६/७७ मा अंगीकार गरेका नीतिहरु र तदानुकुलका कार्यक्रमहरु विस्तृत रुपमा उल्लेख गरिएको छ । यस पुस्तकबाट विषयगत नीति तथा कार्यक्रमहरु, वडा स्तरीय आयोजनाहरु,गाउँपालिका स्तरीय आयोजनाहरु र ती आयोजनाहरुमा विनियोजन गरिएको बजेटको बारेमा सरोकारवाला सबैलाई जानकारी हुनेछ भन्ने हाम्रो अपेक्षा रहेको छ ।

नेपालको संविधान २०७२ को धारा २३२ अनुसार हाम्रो देशले अंगीकार गरेको संघीयतामा संघ,प्रदेश र स्थानीय तह वीचको सम्बन्धसहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित छ । स्थानीय तहहरु जनताको सबभन्दा नजीकमा रहेर काम गर्ने सरकारको रुपमा स्थापित छन् । तर हालको अवस्थामा स्थानीय तहहरु सबै प्रकारका स्रोत साधनहरु आफै जटाउन सक्ने गरी स्थापित भइसकेका छैनन् । त्यसैले संघीय सरकार र प्रदेश सरकारले वितीय समानीकरण अनुदान,सशर्त अनुदान , राजश्व बाँडफाँड अन्तर्गतको अनुदान,समपुरक अनुदान र विशेष अनुदानहरु स्थानीय तहहरुलाई उपलब्ध गराउदै आएको छ । यो पुस्तकमा यसको बारेमा समेत उल्लेख गरिएकोले तत् तत् शीर्षकबाट के कति रकम गाउँपालिकालाई प्राप्त भयो भन्ने बारेमा पनि पाठकहरुलाई जानकारी हुनेछ ।

यस आ.व. सम्म आइपुग्दा हामीलाई प्राप्त अनुदानहरु मध्ये वितीय समानीकरणको ठूलो हिस्सा स्थानीय पुर्वाधार निर्माणमा लगानी गरेका छौं । त्यसमा पनि ग्रामीण सडकहरुको माग अत्याधिक रुपमा आएकाले हाम्रो लगानी त्यही बढी भएको छ । आ.व. २०७६/७७ पनि हाम्रो लगानी स्थानीय यातायात व्यवस्थापनमा बढी हुन गएकोले अन्य क्षेत्रमा आशातित लगानी हुन सकेको छैन । आगामी वर्षहरुमा नयाँ सडक निर्माण भन्दा पनि भएका सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना चल्ने सडक बनाउने तर्फ लाग्न आवश्यक देखिन थालेकोले यस तर्फ सबै निर्वाचित जनप्रतिनिधि साथीहरु र सरोकारवालाहरुको ध्यान आकर्षण गराउन चाहन्छु ।

अन्त्यमा यो बजेट नीति तथा कार्यक्रमको पुस्तक तयार गर्न अहोरात्र खट्नुहुने प्रमुख पशासकीय अधिकृत रमेश राई, लेखापाल बिमला थापा र सहलेखापाल शम्भु श्रेष्ठ लगायत सबै कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

...................................
केशर कुमार सुब्बा
अध्यक्ष
पाथीभरा याङ्वरक गाउँपालिका, ताप्लेजुङ

# केही शब्द



स्थानीय तहको निर्वाचन भएको तेस्रो वर्षको अन्तिम दिनहरुमा हामीले आर्थिक वर्ष २०७६/७७ को वार्षिक बजेट नीति तथा कार्यक्रम तयार गरी यसलाई पुस्तकाकार रुप दिएका छौं । बिकास निर्माणका धेरै आधारहरु जस्तै स्थानीय पुर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य,कृषि,पर्यटनका क्षेत्रमा केही थालनी मात्र गर्न सकिएको अवस्था छ । सिमित स्रोत साधनको बावजुद जनताको बृहत्तर आवश्यक्ताहरुलाई संवोधन गर्ने प्रयत्न गरिएको यस वार्षिक बजेट तथा कार्यक्रममा स्थानीय पुर्वाधार बिकासलाई पहिलो प्राथमिकतामा राखिएको छ । गाउँपालिकाको प्रशासनिक भवन निर्माण, थेचम्बू र चाक्सीबोटेको वीचमा रहेको फावाखोलामा पुल निर्माण र स्थानीय सडकहरुमा धेरै लगानी गर्नुपर्ने भएकाले अन्य आयोजनाहरु प्रभावित हुन पुगेका छन् । विकास निरन्तर भईरहने प्रक्रिया भएकोले आगामी दिनहरुमा जनताका आवश्यक्ता र चाहानाहरुलाई क्रमशः संवोधन गर्दै लगिनेछ । सशर्त अनुदानको रकम तोकिएको शीर्षकहरु बाहेक अन्य शीर्षकमा खर्च गर्न नमिल्ने भएकोले वितीय समानीकरण अनुदानबाट मात्र स्थानीय मागहरुलाई संवोधन गर्न सकिन्छ । शिक्षक र कर्मचारीहरुको तलव लगायत केही तोकिएको शीर्षकमा सशर्त अनुदानको रकम सिमित हुने भएकोले बजेटको आकार ठुलो भए पनि बिकास निर्माणमा लगानी हुने रकमको आकार सानो हुन पुग्ने भएकोले यसलाई बुझी दिन हुन सबै महानुभावहरुलाई हार्दिक आग्रह गर्न चाहान्छु ।

पुल,भवन,कुलो र सडकहरुका संरचनाहरुलाई मात्र हामीले बिकास भनेर चिन्ने गरेका छौं । चिल्ला कारहरु गुड्ने कालोपत्रे सडकहरु देख्दा हामी साँच्चै बिकास भएको भनेर दङ्ग हुन्छौं । तर वर्षौंदेखि त्यही सडकको दाँया वाँया किनारमा प्लाष्टिकको छाना मुनी रहेका असहाय महिला र तिनका साथमा भएका कुपोषित बालबालिकाहरुको अवस्थाको बारेमा भने हामी मौन रहन्छौं । हाम्रो बिकासले ती महिला र बालबालिकाहरुलाई समेत संवोधन गर्नुपर्छ भन्ने मेरो मान्यता हो । त्यसैले आगामी दिनहरुमा सामाजिक तथा मानवीय बिकासका यस्ता आयामहरुप्रति सबैको ध्यान जान आवश्यक छ ।

हामीले बजेट नीति तथा कार्यक्रम बनाउदा वस्ती स्तरबाट माग भएका आयोजनाहरुलाई नै ध्यान दिएका छौं । यति हुदा हुदै पनि हामीले माग भएका सबै आयोजनाहरुका लागि बजेट बिनियोजन गर्न सकेका छैनौं । तर हामीले प्राथमिकता निर्धारण गरेर आयोजनाहरु छनौंट गरेका छौं र यसलाई गाउँसभाबाट अन्तिम रुप दिएका छौं ।यसले केही हद सम्म हाम्रो आवश्यक्ताहरुलाई संवोधन गरेको छ भन्नेमा हामी विश्वस्त छौं ।

अन्त्यमा यो वजेट नीति तथा कार्यक्रमको पुस्तक तयार गर्न लाग्नु हुने कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु ।

धन्यवाद !

........................
रनमाया गुरुङ
उपाध्यक्ष
पाथीभरा याङ्वरक गाउँपालिका, ताप्लेजुङ



NEPAL
६
हुम्ला
मुगु
डोल्पा
जुम्ला
कालिकोट
दैलेख
जाजरकोट
रुकुम
सुर्खेत
७
दार्चुला
बझाङ
बाजुरा
बैतडी
डडेल्धुरा
डोटी
अछाम
कन्चनपुर
कैलाली
५
सल्यान
रोल्पा
बर्दिया
प्युठान
बाँके
दाङ
बागलुङ
गुल्मी
अर्घाखाँची
पाल्पा
रुपन्देही
कपिलवस्तु
४
मुस्ताङ
मनाङ
म्याग्दी
गोरखा
कास्की
लमजुङ
पर्वत
स्याङ्जा
तनहुँ
नवलपरासी
३
रसुवा
सिन्धुपाल्चोक
दोलखा
नुवाकोट
धादिङ
मकवानपुर
काभ्रेपलाञ्चोक
रामेछाप
चितवन
सिन्धुली
२
पर्सा
बारा
रौतहट
सर्लाही
महोत्तरी
धनुषा
सिराहा
सप्तरी
१
सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुंगा
खोटाङ
भोजपुर
तेह्रथुम
उदयपुर
धनकुटा
इलाम
सुनसरी
मोरङ
झापा

**PROVINCE 1**

Districts - 14 | Constituency - 28

# प्रदेश नं १




| Districts | Constituency |
|---|---|
| Taplejung | 1 |
| Panchthar | 1 |
| Illam | 2 |
| Jhapa | 5 |
| Morang | 6 |
| Sunsari | 4 |
| Dhankuta | 1 |
| Sankhuwasabha | 1 |
| Bhojpur | 1 |
| Terhathum | 1 |
| Okhaldhunga | 1 |
| Khotang | 1 |
| Solukhumbu | 1 |
| Udayapur | 2 |

# पाथीभरा याङ्वरक गाउँपालिका



# बिषयसूचि:

पृष्ठ नं


**खण्ड १ परिचय र समिक्षा**............................................................................................. १–६

**१.१ गाउँपालिकाको परिचय**............................................................................................. १

१.१.१ पृष्ठभूमी............................................................................................. १

१.१.२भूगोल, भौगोलिक विभाजन र जलवायु हावापानी............................................................................................. २

१.१.३राजनैतिक विभाजनः निर्वाचन क्षेत्र, वडाहरु............................................................................................. ३

१.१.४ पर्यटकीय स्थलहरुको विवरण............................................................................................. ३

१.१.५ गाउँपालिकाको खेतीयोग्य खेत र बारीको अवस्था............................................................................................. ३

१.१.६ वर्तमान भू–उपयोग संबन्धि विवरणः............................................................................................. ३

१.१.७.सिंचित क्षेत्रफल विवरणः............................................................................................. ४

१.१.८जनसंख्या वितरणको अवस्थाः............................................................................................. ४

१.१.९ वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण;............................................................................................. ४

१.१.१० वडा अनुसार सामाजिक सुरक्षा भत्ता भत्ता पाउने व्यक्तिहरुको विवरणः............................. . ५

**१.२ चालू आ.व. को नीति तथा कार्यक्रमको समीक्षा**............................................................................................. ६

**२. खण्ड २ आगमी आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट**............................................................................................. १०-१४

**अनुसूचि**............................................................................................. १५-४१

अनुसूचि११:पदाधिकारिको तथा कर्मचारीको नामावली............................................................................................. ४१